राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

वर्ष ७ अंक १६० २०८२ पुस २८ गते सोमवार (12 Jan. 2026) पृष्ठ ४ मूल्य रु. ३।-

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

## जसपा नेपाल र लोसपाबीच पार्टी एकता



दैनिक समाचारदाता

जनकपुरधाम, २७। जनता समाजवादी पार्टी, नेपाल (जसपा नेपाल) र लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल (लोसपा नेपाल) बीच एकीकरणसम्बन्धी सहमति पत्र सार्वजनिक भएको छ। दुवै दलबीच भएको सहमतिअनुसार एकीकरण प्रक्रिया अघि बढाइने र पार्टीको नाम जनता समाजवादी पार्टी, नेपाल नै कायम रहने उल्लेख गरिएको छ।

सहमति पत्रअनुसार दुवै दलले संयुक्त प्रेस विज्ञप्ति जारी गर्दै एकीकरणको औपचारिक प्रक्रिया सुरु गर्ने निर्णय गरेका छन्। पार्टीको चुनाव चिह्न छाता नै रहनेछ भने पार्टीको झण्डा माथिल्लो भाग रातो, बीचमा सेतो र तल्लो भाग हरियो रहने व्यवस्था गरिएको छ। सेतो भागको बीचमा छाता अंकित हुनेछ।

एकीकृत पार्टी सञ्चालनका लागि ४३ सदस्यीय केन्द्रीय समन्वय समिति गठन गरिने सहमति भएको छ। उक्त समितिले आफ्नो भित्रबाट ११ सदस्यीय सचिवालय गठन गर्नेछ। दुवै पार्टीका केन्द्रीय समिति समायोजन नभएसम्म पार्टीको सांगठनिक, सञ्चालन, निर्देशन तथा निर्णय गर्ने जिम्मेवारी यही समन्वय समितिमा रहनेछ।

सहमति अनुसार जसपा नेपाल र लोसपा नेपाल मातहत रहेका सबै तहका संगठन, भ्रातृ संगठन, शुभेच्छुक संगठन, विभाग तथा संरचनाहरू केन्द्रीय समन्वय समितिको निर्देशनअनुसार सञ्चालन हुनेछन्। संगठनात्मक समायोजन नभएसम्म पार्टीका संरचनाहरू आ-आफ्नो स्थान र कार्यक्षेत्रमा सक्रिय रहने उल्लेख छ। त्यस्तै, आगामी प्रतिनिधि सभाको निर्वाचनका लागि उम्मेदवारको मनोनयन केन्द्रीय समन्वय समितिको निर्णयअनुसार संयुक्त रूपमा हस्ताक्षर गरेर पेश गरिने सहमति पनि भएको छ।

मधेश केन्द्रित राजनीतिमा लामो समयदेखि चर्चामा रहेको जसपा-लोसपा एकीकरणले मधेशको राजनीति थप सुदृढ हुने अपेक्षा गरिएको छ। सहमति कार्यान्वयनमा गएमा आगामी निर्वाचन र राष्ट्रिय राजनीतिमा यसको प्रभाव महत्वपूर्ण हुने विश्लेषकहरूको भनाइ छ।

### राजनीतिक दलभित्र दलितको समावेसिता

## पहाडी र मधेशी दलहरु उस्तै-उस्तै

दैनिक समाचारदाता

जनकपुरधाम, २७ पुस। देशमा संघीय व्यवस्था लागू भएपछि सबै राजनीतिक दलले समानुपातिक प्रतिनिधित्व र समावेशीताको वकालत गर्दै आएका छन्। तर व्यवहारमा हेर्दा दलहरूभित्र अझै पनि समानुपातिक प्रतिनिधित्व सुनिश्चित हुन सकेको छैन। अधिकांश दलहरूमा एउटै जाति र वर्गको वर्चस्व देखिन्छ। त्यसमा पनि दलित समुदाय सबैभन्दा बढी उपेक्षित अवस्थामा रहेको यथार्थ झनै चिन्ताजनक छ।

दलितको दृष्टिकोणबाट राजनीतिक दलहरूको अवस्थालाई मूल्याङ्कन गर्दा उनीहरूलाई मुख्यतया भोट बैंक का रूपमा प्रयोग गरिए पनि पार्टीको निर्णायक तहमा समानुपातिक प्रतिनिधित्वसहित जिम्मेवारी दिन कुनै पनि दल तयार नदेखिएको स्पष्ट हुन्छ। नेपालमा दलित समुदाय कुल जनसंख्याको करिब १३ प्रतिशत रहेको छ भने मधेश प्रदेशमा यो संख्या १८ प्रतिशतको हाराहारीमा रहेको तथ्यांक छ। तर यो जनसंख्यात्मक वास्तविकताले राजनीतिक प्रतिनिधित्वमा प्रतिबिम्ब पाउन सकेको छैन।

जनकपुरधाममा डिग्निटी इनिसियटिभ द्वारा आयोजित 'राजनीतिक दलमा समावेशीताको अवस्था र आन्तरिक लोकतन्त्र' विषयक कार्यक्रममा राजनीतिक विश्लेषक तथा अध्येता तुलानारायण साहले प्रस्तुत गर्नुभएको तथ्यांकले राजनीतिक दलहरूभित्र जातीय समावेशीकरण गम्भीर रूपमा



कमजोर रहेको देखाएको छ।

प्रस्तुत तथ्यांकअनुसार नेपाली काँग्रेसमा दलितको प्रतिनिधित्व ७ प्रतिशत र नेकपा (एमाले) मा ६ प्रतिशत मात्र रहेको छ। यी दुवै प्रमुख दलमा खस आर्यको प्रतिनिधित्व भने करिब ६० प्रतिशत रहेको देखिन्छ। यसले निर्णय प्रक्रियामा खस आर्यको प्रभुत्व कायम रहेको संकेत गर्दछ। यही अवस्था अन्य दलहरूमा पनि देखिन्छ। नेपाली कम्युनिष्ट पार्टीहरूमा खस आर्यको प्रतिनिधित्व ९८ प्रतिशतसम्म पुगेको छ भने दलितको प्रतिनिधित्व मात्र ४ प्रतिशत र मधेशी करिब ९ प्रतिशत रहेको छ। काँग्रेस र एमालेमा मधेशी प्रतिनिधित्व क्रमशः ८ र ७ प्रतिशतमा सीमित छ।

समानुपातिकता र समानताको नारा बोकेर केही वर्षअघि स्थापना भएको राष्ट्रिय स्वतन्त्र पार्टी को अवस्था पनि धेरै फरक देखिँदैन। यस पार्टीमा खस आर्यको प्रतिनिधित्व करिब ६० प्रतिशत रहेको छ। यद्यपि अन्य ठूला दलको तुलनामा यहाँ दलितको प्रतिनिधित्व केही बढी देखिए पनि यो ९ प्रतिशतमा सीमित छ। मधेशीको प्रतिनिधित्व पनि ९ प्रतिशतमै अडिएको छ।

मधेश केन्द्रित दलहरूको अवस्थालाई हेर्दा पनि दलितको प्रतिनिधित्व सन्तोषजनक देखिँदैन। राष्ट्रिय मुक्ति पार्टीमा खस आर्यको प्रतिनिधित्व १० प्रतिशत, जसपा नेपालमा ११ प्रतिशत र जनमत पार्टीमा ५ प्रतिशत रहेको छ। यी दलहरूमा मधेशी समुदायको प्रतिनिधित्व भने क्रमशः ५४, ५२ र ६८ प्रतिशत रहेको छ। तर दलित प्रतिनिधित्व भने राष्ट्रिय मुक्ति पार्टीमा ४ प्रतिशत, जसपा नेपालमा ५ प्रतिशत र जनमत पार्टीमा ८ प्रतिशतमा सीमित रहेको तथ्यांकले देखाउँछ।

*बाँकी ३ पृष्ठमा*

## एनएमए जनकपुरधामको अध्यक्षमा रामज्ञान यादव

दैनिक समाचारदाता

जनकपुरधाम, २७ पुस। नेपाल मेडिकल एशोसिएशन (एनएमए) जनकपुरधामको अध्यक्षमा डा. रामज्ञान यादव निर्वाचित भएका छन्।

गत शनिबार सम्पन्न निर्वाचनमा डा. यादवले २७६ मत प्राप्त गरी विजयी भएका हुन्। उनका निकटतम प्रतिद्वन्द्वी अवधेश कुमार साहले २७१ मत ल्याए पनि पाँच मतको अन्तरले पराजित भएका छन्।

यसैगरी, वरिष्ठ उपाध्यक्षमा विजय कुमार कापडले ३०१ मतसहित विजय हासिल गरेका छन् भने उनका निकटतम





प्रतिद्वन्द्वी अश्विनी कुमार झाले २३७ मत प्राप्त गरेका थिए। अर्का उपाध्यक्षमा निरञ्जन गोइतले २८० मत ल्याई विजयी भएका छन् भने दीपेन्द्र मण्डलले २४७ मत ल्याई ३३ मतको अन्तरले पराजित भएका छन्।

सचिव पदमा विजय कुमार साहले २७४ मत ल्याई विजयी भएका छन् भने उनका निकटतम प्रतिद्वन्द्वी विपिन कुमार यादवले २६१ मत प्राप्त गरेका छन्। सहसचिवमा रोविन कुमार झाले २७१ मत ल्याई विजयी भएका छन् भने उनका प्रतिद्वन्द्वी सोनम गुप्ताले २५९

*बाँकी ३ पृष्ठमा*

अब अनलाइनबाट बुकिङ्को सुविधा





- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि

www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका
वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका
वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



## सम्पादकीय

# सिद्धान्त कि पद एकता किन भाँडियो ?

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र उज्यालो नेपाल पार्टी (उनेपा) बीच हुने भनिएको पार्टी एकता भाँडिनु केवल दुई दलबीचको संगठनात्मक असफलता मात्र होइन, यो आजको नेपाली राजनीतिमा देखिँदै आएको सिद्धान्त र पद-शक्तिको द्वन्द्वको अर्को उदाहरण पनि हो । पुस १४ गतेदेखि सुरु भएको एकताको प्रयास १२ दिनसम्म चले पनि अन्ततः दुवै पक्ष आ-आफ्नो बाटो रोज्न बाध्य भए । यस घटनाले वैकल्पिक राजनीति र नयाँ शक्तिप्रतिको जनअपेक्षामाथि गम्भीर प्रश्न खडा गरेको छ । रास्वपाको दाबी अनुसार उनेपाका संरक्षक कुलमान घिसिङले प्रधानमन्त्रीसरहको हैसियत, वरिष्ठ नेतासहित सम्पूर्ण केन्द्रीय सदस्यको समायोजन, समानुपातिक बन्दसूचीमा पहिलो स्थानजस्ता अडान राखेका थिए । रास्वपाले आफूले अधिकतम लचकता देखाउँदासमेत ती माग स्वीकार गर्न नसकिने अवस्था आएको जनाएको छ। अर्कोतर्फ उनेपा पक्षले भने रास्वपा संघीयता, गणतन्त्र, धर्मनिरपेक्षता र समावेशीताजस्ता आधारभूत राजनीतिक मुद्दामा अस्पष्ट रहेको आरोप लगाएको छ ।

दुवै पक्षका यी आरोप-प्रत्यारोपले स्पष्ट पार्ने कुरा के हो भने एकता प्रक्रियाको केन्द्रमा साझा राजनीतिक दर्शन भन्दा बढी शक्ति र पदको गणित हाबी भयो । कुनै पनि दलबीचको एकता केवल संगठनात्मक मिलान होइन, त्यो साझा विचार, स्पष्ट एजेन्डा र दीर्घकालीन राजनीतिक प्रतिबद्धतामा आधारित हुनुपर्छ । तर यहाँ एकताका आधारभूत प्रश्नहरू–राज्य संरचना, समावेशी लोकतन्त्र, राजनीतिक संस्कार–भन्दा पहिले पद र हैसियतको विवाद अगाडि आयो ।

रास्वपा आफूलाई पुरानो राजनीतिक अभ्यासबाट फरक, 'नयाँ राजनीति'को वाहकका रूपमा प्रस्तुत गर्दै आएको दल हो । यस्तो दलका लागि सिद्धान्तमा सम्झौता नगर्ने अडान स्वाभाविक देखिन्छ । तर उनेपाको प्रश्न पनि पूर्णतः असान्दर्भिक छैन । संघीयता, धर्मनिरपेक्षता र समावेशीता आजको नेपालको संवैधानिक र सामाजिक यथार्थ हुन् । ती विषयमा कुनै दल अस्पष्ट देखिनु स्वाभाविक रूपमा चिन्ताको विषय बन्छ। एकताको नाममा यस्ता मुद्दा गौण बनाइनु हुँदैन ।

एकता भाँडिएपछि उनेपाले कुलमान घिसिङलाई अध्यक्ष घोषणा गर्नु र अर्को दलसँग छिट्टै सहकार्यको तयारी गर्नुले पनि नेपाली राजनीतिमा अवसरवादको पुरानै प्रवृत्ति दोहोरिइरहेको संकेत गर्छ। समानुपातिक सूची सच्याउने समयसीमालाई ध्यानमा राखेर गरिने हतारोले राजनीतिक नैतिकताको प्रश्न उठाउँछ । उता, रास्वपाले पनि सहमति गरेपछि त्यसको इमानदार कार्यान्वयन गर्न नसकेको आरोपबाट आफूलाई पूर्ण रूपमा मुक्त गर्न सक्दैन ।

जेनजी आन्दोलनपछि देखिएको वैकल्पिक राजनीतिक उभार, रास्वपा, कुलमान घिसिङ र काठमाडौं महानगरका मेयर बालेन्द्र शाहलाई एउटै राजनीतिक धारमा ल्याउने प्रयास, सबै परिवर्तनको चाहनाबाट जन्मिएका पहल थिए । तर ती प्रयासहरू बारम्बार असफल हुनुको मूल कारण विश्वासको अभाव र स्पष्ट राजनीतिक खाकाको कमी हो । सहमति कागजमा होइन, व्यवहारमा लागू हुनुपर्छ। आश्वासन र पछि हट्ने प्रवृत्तिले नयाँ राजनीतिलाई पनि पुरानै रोग लाग्ने खतरा बढाउँछ ।

यो घटनाले नेपाली राजनीतिलाई एउटा स्पष्ट सन्देश दिएको छ–एकता नाराले होइन, नीतिले सम्भव हुन्छ । सिद्धान्त, संगठन र नेतृत्वबीच सन्तुलन बिना गरिने कुनै पनि सहकार्य दीर्घकालीन हुँदैन । जनताले वैकल्पिक शक्तिसँग पदको खेल होइन, स्पष्ट दृष्टिकोण र जिम्मेवार नेतृत्व खोजिरहेका छन् ।

रास्वपा-उनेपा एकता भाँडिनु दुःखद भए पनि यसबाट पाठ लिन सकिन्छ। नयाँ दलहरू यदि साँच्चिकै पुरानो राजनीतिभन्दा फरक बन्न चाहन्छन् भने उनीहरूले पहिला केका लागि राजनीति ? भन्ने प्रश्नको साझा उत्तर दिनुपर्छ। नत्र, यस्ता एकता र विघटनका समाचार फेरि-फेरि दोहोरिइरहनेछन्, र जनताको भरोसा क्रमशः कमजोर बन्दै जानेछ ।

# कृत्रिम बुद्धिमत्ता र मानव जीवनको भविष्य



डा.जानुका खतिवडा

हामी कृत्रिम बुद्धिमत्ताको दुनियाँमा छौं, जहाँ अधिकांश कुराहरू स्वचालित भइरहेका छन्। त्यति मात्र होइन, सोच्नेबित्तिकै हामीले प्रयोग गर्ने ग्याजेटमा त्यही सामग्रीहरू आउँछन्। किन यसो भइरहेको छ? अहिले कृत्रिम बुद्धिमत्ता भएका प्रविधिहरूको निर्माण र विकास यति तीव्र गतिमा भइरहेको छ कि जसको निर्माणमा विभिन्न देशका विभिन्न कम्पनी होडबाजीमा छन्।

प्रत्येक हप्ताजसो केही न केही नयाँ संस्करण र परिमार्जनहरू आइरहेका हुन्छन्। यी प्रविधिहरूले फोटो बनाउने, भिडियो निर्माण र सम्पादन गर्ने, लेख-रचना निर्माण गर्ने, गृहकार्य गर्ने, साहित्य समीक्षा गर्ने, अनुसन्धान गर्ने, सङ्गीत सिर्जना गर्ने र गाउने आदि समेत गर्ने गर्दछन् भने केही सैन्य क्षेत्र र युद्धमा सघाउने प्रविधि पनि पर्दछन्।

जसरी हामी पूँजीवादको दुनियाँमा छौं, जसमा उत्पादनका साधनहरू जस्तै- कारखाना, जमिन र पूँजी निजी व्यक्ति वा निजी संस्थाहरूको स्वामित्वमा हुन्छन्। यो प्रणाली नाफा कमाउने उद्देश्यबाट प्रेरित हुन्छ र प्रतिस्पर्धात्मक बजारमा सञ्चालन हुन्छ; जहाँ मूल्य, उत्पादन र वितरण आपूर्ति एवं मागका आधारमा निर्धारण गरिन्छ। यसको प्रारम्भिक स्वरूपमा सरकारको हस्तक्षेप न्यून हुन्छ।

त्यसरी नै अबको प्रतिस्पर्धात्मक बजारमा निजी संस्थाहरू मानव संशाधन व्यवस्थापन गर्नुभन्दा कृत्रिम बुद्धिमत्तालाई व्यवस्थापन गर्न अग्रसर देखिन्छन्; किनकि कृत्रिम बुद्धिमत्तामा सुरुआती चरणमा लगानी धेरै भए पनि निरन्तर थोरै लगानी गरे पुग्ने र मानव संशाधन जस्तै कार्य-जीवन सन्तुलन, स्वास्थ्य बीमा, पेन्सन लगायत अन्य कल्याणकारी सुविधाहरूलाई ध्यानमा राख्नु नपर्ने हुन्छ। साथै, बिदा र अतिरिक्त समयका प्रावधान र समयसीमा पनि तोक्नु नपर्ने हुँदा कृत्रिम बुद्धिमत्ताको प्रयोगलाई नाफामुखी, चौबीसै घण्टा सञ्चालित रहने र सम्हाल्न सजिलो हुने दृष्टिकोणले हेर्न थालिएको देखिन्छ।

यद्यपि, कृत्रिम बुद्धिमत्ताको तीव्र विकासलाई खासै सकारात्मक रूपमा लिएको पाइँदैन। सुरुआती समयदेखि नै कृत्रिम बुद्धिमत्ताको क्षेत्रमा काम गर्ने विज्ञहरू पनि यो तीव्रतर विकासदेखि भयभीत देखिन्छन्। उनीहरूको मुख्य चिन्ताको विषय यसले मानव जीवनमा पार्ने प्रभाव, कृत्रिम बुद्धिमत्ताको सुरक्षित प्रयोग र यसले सुरक्षाको क्षेत्रमा निम्त्याउने खतरा हो। यसका साथै यसको विकास हुनुपर्नेभन्दा पनि अत्यन्त तीव्र गतिमा भएको कुरा उल्लेख गर्छन्।

केही दशकअघि भएको कम्प्युटरको आविष्कार र प्रयोगलाई पनि मानिसहरूले मानव सभ्यता विरुद्ध लिएका भए तापनि अहिलेको कृत्रिम बुद्धिमत्ता भने उक्त आविष्कार र नयाँ प्रयोगभन्दा फरक रहेको जनाउँछन्। उनीहरूका अनुसार चिन्ताको मुख्य कारण भने कृत्रिम बुद्धिमत्ताको आफैं निर्णय लिन सक्ने सामर्थ्य हो। जसले जतिबेला जस्तो पनि निर्णय लिन सक्ने र त्यो अवस्थालाई व्यवस्थापन गर्ने संयन्त्र नबनेको, उक्त संयन्त्रप्रति सम्बन्धित निकायको ध्यान नगएको र प्राथमिकतामा नराखेको भन्ने मुख्य विषय हो।

हालसालै कृत्रिम बुद्धिमत्ताले कुनै कम्पनीको इन्जिनियरलाई इमेल मार्फत धम्की दिएको कुरा सार्वजनिक भएको थियो। साथै आगलागी हुँदा सबै कार्यालयका कर्मचारीहरूलाई सतर्क गराउनुपर्नेमा कृत्रिम बुद्धिमत्ताले जानीजानी सतर्क नगराएको भन्ने समाचार पनि आएको थियो।

धेरैजसो कम्प्युटरमा गरिने कामहरू कृत्रिम बुद्धिमत्ताद्वारा गर्न सकिने हुनाले यस्ता प्रकृतिका अधिकांश रोजगारीका अवसर कम हुने कुरा सत्य रहेको र हालसम्म पनि केही अनुपातमा कम भइसकेको कुरा सर्वविदितै छ।

यीमध्ये अधिकांश उच्च कोटिका कामहरू, दोहोऱ्याइरहनुपर्ने काम, नियममा आधारित निर्णय, तथ्याङ्क सम्बन्धी काम र कम मानवीय निर्णय वा संवेदनशीलता चाहिने कामहरू- जस्तै कार्यालय/प्रशासनिक काम, ग्राहक सेवा सम्बन्धी काम, वित्त र सञ्चालन, कन्टेन्ट र मिडिया र प्राथमिक चरणका सूचना र प्रविधि सम्बन्धी कामहरू उच्च जोखिममा पर्दछन्। यसका साथै स्वास्थ्य, शिक्षा, कानून लगायत क्षेत्रमा पनि उल्लेख्य प्रभाव पार्ने र परिरहेको पाइन्छ।

अमेरिकाका विभिन्न स्कूलमा गरिएको सर्वेक्षण अनुसार ५ मध्ये १ हाईस्कूलका विद्यार्थीको कृत्रिम बुद्धिमत्तासँग प्रेम सम्बन्ध रहेको पाइएको छ। यदि हामीले सम्पूर्ण विश्वको परिदृश्य हेऱ्यौं भने तथ्याङ्कहरू अझ डरलाग्दो हुन सक्छन्। हालसालै एक जापानी युवतीले कृत्रिम बुद्धिमत्तासँग विवाह गरेको घटना पनि सार्वजनिक भएको थियो। यसले अबका युवायुवतीको जीवन र भविष्य कतातिर जान्छ भन्ने कुरामा प्रश्नचिह्न खडा गर्दछ।

किशोरकिशोरीलाई आत्महत्या गर्न प्रोत्साहित गर्ने र मानसिक स्वास्थ्य समस्याहरू बढाएको भन्दै विभिन्न कम्पनीका कृत्रिम बुद्धिमत्ता र च्याट जीपीटी विरुद्ध धेरै मुद्दाहरू छन्। उनीहरूले किशोरकिशोरी र युवायुवतीलाई आत्महत्या गर्ने उपायका बारेमा जानकारी दिएको र आफ्नो समस्या परिवारका सदस्यहरूलाई नभन्न सुझाएको आरोप छ। यस्ता घटनाबाट कृत्रिम बुद्धिमत्ता मानव सभ्यताको अन्त्य चाहन्छ भन्ने अनुमान लगाउन थालिएको छ। कृत्रिम बुद्धिमत्ताको क्षेत्रमा निरन्तर काम गर्ने र महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने विज्ञहरू पनि अहिलेको माहोललाई केही नगण्य व्यक्तिहरूले पृथ्वीका ८ अर्ब मानिसहरूको तर्फबाट निर्णय लिइरहेको र भविष्यको नेतृत्व गरिरहेको आरोप लगाउँछन्। उनीहरू आफैं पनि आफ्ना सन्तति र दरसन्तानको बारेमा धेरै चिन्तित रहेको बताउँछन्।

यसरी हेर्दा कृत्रिम बुद्धिमत्ता र स्वचालनको क्षेत्रमा काम गर्ने मानिसहरूलाई पनि भविष्यमा के हुनेछ भनेर थाहा नभएको देखिन्छ। उनीहरू पनि कृत्रिम बुद्धिमत्ताले मानवतामा पार्ने असरको बारेमा गम्भीरतापूर्वक सोचविचार नगरी एकपछि अर्को संस्करण शुरु गर्ने दौडमा रहेकोमा चिन्ता व्यक्त गर्दछन्।

यद्यपि, कतिपयले कृत्रिम बुद्धिमत्तालाई अत्यन्तै सकारात्मक रूपमा पनि लिने गरेका छन्। उनीहरूका अनुसार व्यक्तिगत तवरमा पनि कृत्रिम बुद्धिमत्ताले धेरै काम सहज र सरल बनाउने र छोटो समयमा सम्भव बनाउने कुरा अभिव्यक्त गर्छन्। साथै, कतिपयको धारणा भने कृत्रिम बुद्धिमत्ता सिर्जनात्मक नभएका, अल्छी र आलस्यहरूका लागि मात्र अभिशाप रहेको तर सिर्जनात्मक, आविष्कारशील र जाँगरिलाहरूका लागि भने वरदान रहेको पनि बताउँछन्।

केही भने कृत्रिम बुद्धिमत्ताको विकास आफैंमा गलत नभई विभिन्न कम्पनीबीच सहकार्य नभई प्रतिस्पर्धा हुनु गलत भएको धारणा राख्छन्। यहाँ आध्यात्मिक पाटो पनि जोडौं। आध्यात्मिक व्यक्तित्वहरू भने कृत्रिम बुद्धिमत्तालाई कल्कीको रूप वा आसुरी (दानवीय) शक्तिको रूपमा व्याख्या गर्छन्। यो सृष्टिमा आदिकालदेखि नै दैवी शक्ति र आसुरी शक्तिको बीचमा टकराव र प्रतिस्पर्धा हुने गरेको र दुवै पक्षले आफ्नो स्वामित्वका लागि सधैं प्रयास गरिरहने भएकाले कृत्रिम बुद्धिमत्ता दानवीय शक्तिको रूपमा आएको हुनसक्ने बताउँछन्।

अब कृत्रिम सामान्य बुद्धिमत्ता (एजीआई) लगायत अन्य उच्च संस्करणहरू लगभग दुईदेखि चार वर्षमा आउने भविष्यवाणी गरिएको छ। यी संस्करणहरू मानिस जस्तै बुद्धिमान हुने आकलन गरिएको छ। यसै क्षेत्रमा कार्यरत व्यक्तिहरू पनि अन्योलमा छन् भने हामी जस्ता सामान्य मानिसको लागि 'पर्ख र हेर' को अवस्थाभन्दा अरू विकल्प नहुन सक्छ। जेहोस्, सरसर्ती हेर्दा हामी अहिले विज्ञान र प्रविधिको विकासको चरम अवस्थाका साथै सङ्क्रमणकालमा छौं।शायद अबको १० देखि २० वर्ष यो सङ्क्रमणकाल जारी रहनेछ। यद्यपि आशातीत कुरा के छ भने अहिलेसम्म बनेका कृत्रिम बुद्धिमत्तासँग हालसम्म बाहिर आएका र प्रकाशित भएका ज्ञान र जानकारीहरू मात्र छन् र ती सीमित छन् भने मानिस त्योभन्दा कैयौं गुणा क्षमतावान् र ज्ञानवान् छन्। अहिलेसम्म उपलब्ध भएका बाहेकका जानकारी, ज्ञान, सिर्जना र आविष्कारका अतिरिक्त असीमित ज्ञान, सीप र आविष्कार गर्ने मार्ग प्रशस्त रहेकोले त्यतातिर ध्यान केन्द्रित गर्दा उपयुक्त हुन सक्छ। साथै मानिसमा समय र परिस्थिति अनुसार अनुकूलन गर्न सक्ने क्षमता भएकाले कुनै न कुनै उपायद्वारा समायोजन सम्भव हुनेछ। अनलाइनखबरडटकमबाट

# आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# स्व.उमा सिंहको १७औँ स्मृति दिवस मनाइयो

दैनिक समाचारदाता

जनकपुरधाम, २७ पुस । नेपाल पत्रकार महासंघ धनुषा शाखाले स्वर्गीय पत्रकार उमा सिंहको १७औँ स्मृति दिवस विभिन्न कार्यक्रमका साथ मनाएको छ । स्मृति दिवसको अवसरमा महासंघले पत्रकारहरूको स्वास्थ्य समस्यालाई ध्यानमा राख्दै निःशुल्क स्वास्थ्य परीक्षण कार्यक्रम आयोजना गरेको थियो । उक्त कार्यक्रममा करिब ४० जना पत्रकारले स्वास्थ्य परीक्षण गराएका छन् ।




आज बिहान हाइटेक प्याथोलोजीका प्राविधिकहरूद्वारा पत्रकारहरूको रगत र पिसाबको नमुना संकलन गरिएको थियो । संकलित नमुनाबाट ब्लड सुगर, लिपिड प्रोफाइल तथा रुटिन युरिन परीक्षण गरिने बताइएको छ । यसका साथै पत्रकारहरूको रक्तचाप तथा अन्य आधारभूत स्वास्थ्य परीक्षणसमेत महासंघले गराएको छ ।

त्यसैगरी, आज साँझ स्व. उमा सिंहको स्मृतिमा दीप प्रज्वलन कार्यक्रम पनि सम्पन्न गरिएको छ । स्मृति दिवसका अवसरमा नेपाल पत्रकार महासंघ धनुषाका पूर्व अध्यक्षहरू, प्रदेशका पदाधिकारीहरू, केन्द्रीय सदस्यहरू तथा स्थानीय पत्रकारहरूको उल्लेखनीय सहभागिता रहेको धनुषा शाखाका अध्यक्ष पुरण साहले जानकारी दिनुभयो ।

पत्रकार उमा सिंहको २०६५ साल पुस २७ गते एक समूहले खुकुरी प्रहार गरी निर्मम हत्या गरेको थियो । उनको हत्यापछि नेपाली पत्रकारितामा विशेषगरी महिला पत्रकारहरूको सहभागिता र सुरक्षाको विषयमा गम्भीर प्रश्न उठ्दै आएको छ ।

# चिसोका कारण मूर्ति सुकाउन सकस

दैनिक समाचारदाता

जनकपुरधाम, २७ पुस । धनुषासहित तराई-मधेशका जिल्लाहरूमा यतिबेला बिहानैदेखि मूर्तिकारका आँगन र गल्लीहरूमा माटो मुछ्ने, ढाल्ने र प्रतिमालाई आकार दिने चहलपहल देखिन्छ । हातमा चिसो माटो र मनमा सरस्वती पूजाको आशा बोकेर मूर्तिकारहरू परम्परागत सिपमा व्यस्त छन् । पुस्तौँदेखि यही पेसाबाट गुजारा चलाउँदै आएका उनीहरूका लागि भने यसपालि अत्यधिक चिसो र शीतलहर ठूलो चुनौती बनेको छ ।



मूर्तिकारका अनुसार सामान्यतया दुईदेखि चार दिनमै सुक्ने माटोका प्रतिमा यसपालि एक हप्तासम्म पनि नसुक्दा काम ढिलो भइरहेको छ । चिसो मौसमले माटो अझ चिसो बनाउँदा हातले काम गर्न झन् कठिन भएको उनीहरूको गुनासो छ ।

मधेशमा वर्षभरि सरस्वती पूजा, लक्ष्मी पूजा, दुर्गा पूजा, गणेश चतुर्थी, कृष्ण जन्माष्टमी, विश्वकर्मा पूजालगायतका पर्वहरूमा भगवान्का प्रतिमा निर्माणको चहलपहल बढ्ने गर्छ । तर यसपालि पुसको सुरुवातदेखि नै घाम नलाग्नु र चिसो अत्यधिक बढ्नुले मूर्ति निर्माण असहज बनेको मूर्तिकारहरू बताउँछन् ।

सरस्वती पूजाको समय नजिकिँदै जाँदा मौसम र समयसँग जुध्नुपर्दा दैनिकी झनै सङ्घर्षपूर्ण बनेको धनुषाका मूर्तिकार पञ्चा पण्डित बताउनुहुन्छ । "अत्यधिक चिसोका कारण माटो र पानीसँग काम गर्न निकै गाह्रो भएको छ," उहाँ भन्नुहुन्छ, "जाडो धेरै बढेकाले हातखुट्टा सुनिन्छ, औँलाले राम्ररी काम गर्न सकिँदैन । बनाएको मूर्ति पनि समयमा सुक्दैन ।"

घाम नलाग्दा मेसिनको सहारा लिनुपर्ने बाध्यता थपिएको उहाँको भनाइ छ । "मेसिन चलाउँदा खर्च बढ्छ, मेहनत दोब्बर लाग्छ," पण्डितले भन्नुभयो । पुसको पहिलो साताभन्दा बढी समयदेखि मधेशमा राम्ररी घाम नलाग्दा माटो नसुक्ने, मूर्ति चिसिने र रङ राम्रोसँग नबस्ने समस्या देखिएको छ ।

धनुषाका अर्का मूर्तिकार उत्तमलाल पण्डित माटो सम्याउँदै आफ्ना अनुभव सुनाउनुहुन्छ । "बाउबाजेको पालादेखि यही काम गर्दै आएका हौँ," उहाँ भन्नुहुन्छ, "पहिले घाम राम्रो लाग्थ्यो, चार-पाँच दिनमै मूर्ति तयार हुन्थ्यो । अहिले पाँचदेखि सात दिन लाग्छ ।" उहाँको कार्यशालामा हाल करिब ३० वटा प्रतिमा तयार छन्, तर घाम नलाग्दा उत्पादन दोब्बर गर्न नसकेको चिन्ता उहाँको अनुहारमा झल्किन्छ ।

नगराइन नगरपालिका-३ का मूर्तिकार मोतीलाल पण्डितका लागि पनि यो मौसम कठिन परीक्षा बनेको छ । "अनुकूल मौसममा पाँच दिनमै एउटा मूर्ति तयार हुन्थ्यो," उहाँ भन्नुहुन्छ, "अहिले सातदेखि १० दिन लाग्छ । समय बढी लाग्छ, मेहनत पनि बढी हुन्छ, खर्चसमेत बढ्छ ।" उहाँले बनाएका केही मूर्तिको मूल्य ६४ हजार रुपैयाँसम्म भए पनि बिक्रीअघि नै मौसमसँग संघर्ष गर्नुपरेको बताउनुहुन्छ ।

अर्का मूर्तिकार शिवजी पण्डित चिसोमा काम गर्दा स्वास्थ्यमा समेत असर पर्न थालेको बताउनुहुन्छ । "हात दुख्छ, ढाड दुख्छ, कहिलेकाहीँ ज्वरोसमेत आउँछ," उहाँ भन्नुहुन्छ, "स्वास्थ्य बिग्रिएला कि भन्ने डर लाग्छ, तर काम नगरी बस्ने विकल्प पनि छैन ।" सरस्वती पूजाको मिति नजिकिँदै जाँदा विद्यालय, कलेज र टोल-टोलमा पूजाको तयारी तीव्र हुँदै गएको छ । तर मूर्तिकारहरू भने नसुकेको प्रतिमातर्फ हेर्दै आकाशतिर नजर लगाउँछन्—घाम कहिले लाग्ला ?

# अभ्यास खेलमा अमेरिकामाथि नेपालको जित

दैनिक समाचारदाता

काठमाडौँ २७ पुस । आइसीसी महिला टी-२० विश्वकप ग्लोबल छनोटका लागि खेलिएको अभ्यास खेलमा नेपालले अमेरिकामाथि जित निकालेको छ ।आइतबार भएको खेलमा नेपालले अमेरिकालाई चार विकेटले हरायो । अमेरिकाले दिएको एक सय ५८ रनको लक्ष्य नेपालले १९ ओभरमा ६ विकेटको क्षतिमा पूरा गरेको थियो ।

नेपालका लागि सम्झना खड्काले सर्वाधिक अविजित ४९ रन बनाउनुभयो । पूजा महतोले अविजित ४३, काजल श्रेष्ठले २८ तथा कविता जोशीले १२ रन बनाउनुभयो । बलिङमा अमेरिकाका तारा नोरिस र लेखा शेट्टीले दुई दुई तथा तरानुम चोपराले एक विकेट लिनुभयो ।




यसअघि टस जितेर पहिले ब्याटिङ गरेको अमेरिकाले २० ओभरमा सात विकेटको क्षतिमा एक सय ५७ रन बनाएको थियो । अमेरिकाका लागि एला क्लारिजले ३९ रन बनाउनुभयो । पूजा गनेसले २२ रन बनाउनुभयो ।

बलिङमा नेपालकी मनिषा उपाध्यायले दुई तथा कविता कुँवर, कविता जोशी, रिया शर्मा र रचना चौधरीले एक एक विकेट लिनुभयो । यसअघि अभ्यास खेलमा नेपाल स्कटल्यान्डसँग २७ रनले पराजित भएको थियो ।

जनवरी १२ देखि फेब्रुअरी १ तारिखसम्म त्रिवि मैदान कीर्तिपुर र मुलपानीमा हुने ग्लोबल छनोटमा नेपाल समूह 'बी' मा परेको छ । नेपालले छनोटको पहिलो खेल जनवरी १८ तारिख थाइल्यान्डसँग खेल्ने छ ।

यस समूहमा स्कटल्यान्ड, थाइल्यान्ड, जिम्बाब्वे र नेदरल्यान्ड्स रहेको छ । छनोटका खेलहरू त्रिवि मैदान र मुलपानी क्रिकेट मैदानमा हुने छ । छनोटका लागि नेपाली टोलीको घोषणा भईसकेको छ । १० देशको सहभागिता रहने छनोट खेलको समूह 'ए' मा बङ्गलादेश, आयरल्यान्ड, पपुवा न्युगिनी (पिएनजी), नामिबिया र अमेरिका रहेको छ । नेपालले दोस्रो खेल जनवरी २२ मा नेदरल्यान्ड्स, जनवरी २४मा जिम्बावे र अन्तिम खेल जनवरी २६मा स्कटल्यान्डसँग खेल्ने छ ।

छनोट खेलको शीर्ष चार टोलीले सन् २०२६ को जुन १२ देखि जुलाई ५ तारिखसम्म इङल्यान्ड र वेल्समा हुने आइसिसी महिला टी-२० विश्वकपमा छनोट हुने छन् ।

# धनुषामा चार हजार ५२७ निर्वाचन प्रहरी भर्ना गरिने

जनकपुरधाम, २७ पुस । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि धनुषामा चार हजार ५२७ जना निर्वाचन प्रहरी भर्ना गरिने भएको छ । जिल्ला प्रशासन कार्यालयले धनुषाका चार निर्वाचन क्षेत्रमा खटाउन योग्य नेपाली नागरिकबाट दरखास्त आह्वान गरेको छ ।



निर्वाचन प्रहरी भर्ना छनोट तथा नियुक्ति समितिले नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालसँग समन्वय गर्दै निर्वाचन प्रहरीका लागि आवेदन प्रक्रिया सुरु गरेको हो । सूचनाअनुसार निर्वाचन प्रहरी पदमा आवेदन दिन इच्छुक व्यक्ति १८ वर्ष पूरा भइसकेका र ५४ वर्ष ननाघेका नेपाली नागरिक हुनु पर्ने छ । आवेदन दिने अन्तिम मिति आगामी माघ १ गतेसम्म तोकिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

निर्वाचन प्रहरीको कार्य अवधि नियुक्ति मितिदेखि ४० दिन रहने छ वा नेपाल सरकारले तोके अनुसार हुने छ । सेवा सुविधा अन्तर्गत प्रतिदिन ८६९ रुपियाँ ४० पैसाका दरले ४० दिनको पारिश्रमिक ३४ हजार ७७६ प्रदान गरिने सहायक प्रमुख जिल्ला अधिकारी उमेशकुमार दाहालले जानकारी दिनु भयो । उहाँका अनुसार योसँगै सम्बन्धित जिल्लामा नेपाल प्रहरी र सशस्त्र प्रहरीले पाउने दररेट अनुसार खाद्यान्न खर्च पनि उपलब्ध गराइने छ ।

सहायक प्रमुख जिल्ला अधिकारी दाहालद्वारा हस्ताक्षरित सूचनामा निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष र सुरक्षित रूपमा सम्पन्न गराउन पर्याप्त सङ्ख्यामा निर्वाचन प्रहरी परिचालन गरिने तयारी भइरहेको उल्लेख छ ।

धनुषामा हाल चार लाख १४ हजार ५७१ जना मतदाता रहेका छन् । चार निर्वाचन क्षेत्रमा ३२२ मतदान स्थल र ६४५ मतदान केन्द्र निर्माण भइसकेको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ । प्रशासनका अधिकारीहरूले मतदाता र निर्वाचनमा संलग्न सबै पक्षलाई संयमित र नियमबद्ध रूपमा निर्वाचनमा सहभागी हुन आह्वान गरेका छन् । रासस

## राजनीतिक......

यसरी समग्रमा हेर्दा चाहे संघीय स्तरका शीर्ष दल हुन् वा मधेश केन्द्रित दलहरू नै किन नहुन्, दलित समुदाय सबै दलमा उपेक्षित अवस्थामै रहेको देखिन्छ । सामाजिक, आर्थिक तथा शैक्षिक रूपमा पछाडि पारिएका दलित समुदायलाई जबसम्म राजनीतिक मूलधारमा पर्याप्त संख्यात्मक र गुणात्मक प्रतिनिधित्व दिइँदैन, तबसम्म समावेशी लोकतन्त्र र समानुपातिकताको नारा व्यवहारमा रूपान्तरण हुन सक्दैन ।

दलित समुदायलाई निर्णय तहसम्म पुऱ्याउने स्पष्ट र ाजनीतिक इच्छाशक्ति र संरचनागत सुधार बिना देशको समग्र लोकतान्त्रिक विकास सम्भव नहुने विश्लेषकहरूको भनाइ छ ।

## एनएमए.....

मत प्राप्त गरेका छन् ।

त्यसैगरी, कोषाध्यक्षमा रतिश सिंह २९० मतसहित विजयी भएका छन् भने उनका निकटतम प्रतिद्वन्द्वी अमित कुमार यादवले २३९ मत प्राप्त गरेका छन् । सहकोषाध्यक्षमा डा. शम्भु कुमार साहले ३०१ मत ल्याई विजयी भएका छन् भने उनका निकटतम प्रतिद्वन्द्वी चन्द्रनारायण यादवले २१५ मत मात्र प्राप्त गरेका छन् ।

यस पत्रिकामा लेख रचना तथा विचार लगायतको समाग्री प्रकाशनका लागि सम्पर्क
इमेल : sdainik99@gmail.com
मो.नं.: ९८५४०२०९२२

समाचार | जि.प्र.का.ध.द.नं. २३८/०७४/७५
जि.हु.का.ध.द.नं. २१९/०७४/७५ | २०८२ पुस २८ गते सोमवार [12 Jan. 2026] | समाचार दैनिक जनकपुर

# कांग्रेसको विशेष महाधिवेशन सुरु, शीर्ष नेतृत्व अनुपस्थित

दैनिक समाचारदाता
काठमाडौँ २७ पुस । नेपाली कांग्रेसको विशेष महाधिवेशन केही बेरअघि काठमाडौँस्थित भृकुटीमण्डपमा सुरु भएको छ । केन्द्रीय समितिले विशेष महाधिवेशनलाई औपचारिक रूपमा स्वीकार नगरेको कारण पार्टी सभापति शेरबहादुर देउवा, कार्यवाहक सभापति पूर्णबहादुर खड्कालगायत अधिकांश पदाधिकारी महाधिवेशनमा अनुपस्थित रहेका छन् ।

शीर्ष नेतृत्वको अनुपस्थितिका बीच सुरु भएको महाधिवेशनमा भने महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा तथा सहमहामन्त्री फरमुल्लाह मन्सुरको सहभागिता रहेको छ । यस्तै, कांग्रेसका पूर्वउपसभापति गोपालमान श्रेष्ठ, पूर्वसहमहामन्त्री अर्जुननरसिंह केसी तथा पूर्वमहामन्त्री एवं पूर्वसभामुख तारानाथ रानाभाट पनि महाधिवेशनमा सहभागी भएका छन् ।





महाधिवेशनमा कांग्रेसका विभिन्न धारका केन्द्रीय सदस्यहरूको उल्लेखनीय उपस्थिति देखिएको छ । सहभागी हुने केन्द्रीय सदस्यहरूमा प्रदीप पौडेल, चन्द्र भण्डारी, भरत शाह, बहादुरसिंह लामा, प्रतिमा गौतम, प्रकाश स्नेही रसाइली, अजयबाबु शिवाकोटी, ध्रुव वाग्ले, अर्जुन जोशी, डा. डिला सङ्ग्रौला पन्त, महेश आचार्य, तारामान गुरुङ, मधु आचार्य, मुक्ता यादव, पुष्पा भुसाल, आङगेलु शेर्पा, अमृत अर्याल, गोपाल दहित, मोहन आचार्य, महेन्द्रकुमार राय, चिनकाजी श्रेष्ठ, कर्णबहादुर बुढा, जानकी सिंह, अब्दुल सतार, उदय शमशेर राणा, नानु बास्तोला, योगेन्द्र चौधरी र विनोद चौधरी रहेका छन् ।

त्यसैगरी, कांग्रेसका पुराना तथा अनुभवी नेताहरू ओमकारप्रसाद श्रेष्ठ र सुधीर शिवाकोटी पनि विशेष महाधिवेशनमा सहभागी भएका छन् ।

पार्टीभित्रको आन्तरिक मतभेद र संगठनात्मक असन्तुष्टिका बीच आयोजना गरिएको यो विशेष महाधिवेशनले कांग्रेसको भावी दिशा, आन्तरिक एकता र नेतृत्व संरचनाबारे महत्वपूर्ण बहस र निर्णय गर्ने अपेक्षा गरिएको छ । शीर्ष नेतृत्वको अनुपस्थितिले भने महाधिवेशनको वैधता र प्रभावकारितामाथि प्रश्न उठ्न सक्ने राजनीतिक विश्लेषकहरूको भनाइ छ ।

# कांग्रेस लास र दासहरूको पार्टी होइन : गगन थापा

दैनिक समाचारदाता
काठमाडौँ २७ पुस । नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले पार्टी लास र दासहरूको पार्टी नभएको बताएका छन् । पार्टीको विशेष महाधिवेशनको उद्घाटन समारोहलाई सम्बोधन गर्दै उनले भने, 'कांग्रेस दास र लासहरूको पार्टी होइन । कांग्रेस ज्युँदो मानिसहरूको पार्टी हो । यहाँ प्रश्न मरेको छैन ।'

उनले महाधिवेशन चलिरहँदा सभापति देउवासहित केही नेताहरूबिच छलफल चलिहरेको समाचार पढेबो भन्दै उनले सभापतिलाई सुझाव दिनेहरूले गलत भनिरहेको बताए ।



थापाले पार्टीको नीति र नेतृत्व बदलिने घोषणा पनि गरे । महाधिवेशन प्रतिनिधिहरुले नै नीति र नेतृत्व बदल्न चाहेको बताउँदै थापाले भने, 'प्रतिनिधिहरुले नीति पनि बदल्ने नेता पनि बदल्ने भनेर माग्नु भएको छ । यो कहाँ गएर टुंगिन्छ । मलाई थाहा छैन ।'

# पार्टी र देशका लागि गगन-विश्व अघि बढ्नुपर्छ : विनोद चौधरी

दैनिक समाचारदाता
काठमाडौँ २७ पुस । नेपाली कांग्रेसका केन्द्रीय सदस्य तथा डलर अर्बपति विनोद चौधरीले महामन्त्री गगनकुमार थापा र विश्वप्रकाश शर्मालाई अघि बढ्न आग्रह गरेका छन् ।

विशेष महाधिवेशनको उद्घाटन समारोहलाई सम्बोधन गर्दै चौधरीले देश र पार्टी बचाउने गरी भएको कदमलाई बिचमा नछोड्न भनेका हुन् ।



'म महामन्त्रीद्वयलाई बधाई दिन चाहन्छु । तपाईंहरू अघि बढ्नुस् नछोड्नुस्,' उनले भने, 'कुरिरहेको विकासको खुड्किलोसम्म पुऱ्याउनुस् । यसको सार्थक पुरस्कार देश र पार्टीले पाउनेछ ।'

उनले ३५ वर्षमा ३५ नै सरकार बने पनि कांग्रेसले बनाएको योजनाअनुसार देश सञ्चालन भइरहेको पनि बताए । उनले थपे, 'अर्थतन्त्रलाई बलियो बनाउन सक्ने अवसरलाई सार्थक बनाउन सक्ने पार्टी र देश बनाउनुपर्नेछ । भविष्यका लागि प्रतिवद्धता गर्न सक्ने नेतृत्व खोजेको छ ।'




# राप्रपाको जलपान कार्यक्रममा प्रधानमन्त्री कार्की

दैनिक समाचारदाता
काठमाडौँ २७ पुस । प्रधानमन्त्री सुशीला कार्की राष्ट्रिय एकता दिवस तथा पृथ्वी जयन्तीका अवसरमा राष्ट्रिय प्रजातन्त्र पार्टीद्वारा आज आयोजित जलपान कार्यक्रममा सहभागी हुनु भएको छ ।

काठमाडौँको भृकुटीमण्डपमा भएको जलपान कार्यक्रममा प्रधानमन्त्री कार्की सहभागी हुनु भएको हो । प्रधानमन्त्री कार्कीलाई राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देनलगायत नेताहरूले स्वागत गर्नु भएको थियो ।



कार्यक्रममा सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेल, विभिन्न राजनीतिक दलका नेता, नेपालस्थित कूटनीतिक नियोगका प्रमुख एवं प्रतिनिधि, समाजका विभिन्न क्षेत्रका अगुवालगायतको उपस्थिति थियो ।










'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४